जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक १७० | २०७८ साल माघ २१ गते शुक्रबार (4 Feb. 2022 Friday) | मूल्य रु. ५/-

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : उद्योग दर्ता बढ्यो ... ३ पृष्ठमा : विदेशबाट फर्केर उद्यमी ... ३ पृष्ठमा : युक्रेन आक्रमण ’दुखद ...

# जनमत पार्टीद्वारा राजमार्ग ठप्प, प्रहरीसँगको झडपमा एक घाइते, एक दर्जन पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

डा. सीके राउत नेतृत्वको जनमत पार्टीका कार्यकर्ताहरुले बिहीबार बिहानैदेखी पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको विभिन्न स्थानमा प्रदर्शन गर्दै सडक अवरुद्ध गरेका छन् ।

किसानसँग सम्बन्धीत विभिन्न माग लिएर आन्दोलनमा उत्रेको जनमत पार्टीले बिहीबारदेखी राजमार्ग केन्द्रित आन्दोलन सुरु गरेको हो ।

यस क्रममा जिल्लाको भारदह, रुपनी, कल्याणपुर, पोर्ताहा लगायतका स्थानमा बिहानैदेखी जनमत पार्टीका कार्यकर्ताहरु टायर बालेर प्रदर्शन गर्नुका साथै आवागमन समेत अवरुद्ध पारेका छन् ।

जनमतका कार्यकर्ताहरुले विहानैदेखि लोकमार्गमा टेन्ट लगाएर बसेका कार्यकर्ताहरुले लोकमार्ग अवरुद्ध गरी प्रदर्शन गरेका छन् । किसान आन्दोलन झण्डै डेढ महिनादेखि भइरहँदा पनि सरकारले आफूहरुको माग नसुनेको भन्दै किसानहरु लोकमार्ग बन्द गरी प्रदर्शनमा उत्रेका हुन् ।

आवागमन खुलाउने प्रहरीले बल प्रयोग गर्दा सप्तरीको भारदहमा जनमत पार्टीका कार्यकर्ता शंकर खडगा घाइते भएका छन् । उनको खुटामा गम्भिर चोट लागेपछि शल्यक्रिया गरिएको छ ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले गाडी खुलाउने क्रममा प्रहरीले बल प्रयोग गर्दा भाग्ने क्रममा जनमतका एक जना कार्यकर्ताको घाइते भएको तथा तीन जनालाई नियन्त्रणमा लिएको जानकारी दिएका छन् ।

जनमत पार्टीका जिल्ला सचिव थानेश्वर साहले भारदहबाट जनमतका ललित यादव, पिंकु मण्डल, नरेश अधिकारी तथा रुपनीबाट रामअवतार यादव सन्तोष इशर, महेश यादव, कुशेश्वर माझी लगायत एक दर्जन कार्यकर्ता पक्राउ जानकारी दिएका छन् ।

यस्तै सिरहाको लहानबाट सप्तरीको सुरुङ्गा नगरपालिकाका अध्यक्ष संजय साहलाई प्रहरीले पक्राउ गरेको छ ।

यसैबीच राजमार्गमा आवागमन सुचारु गराउन प्रहरीले ठाउँ ठाउँमा बल प्रयोग गर्नुपर्दा दिनभर स्थिति तनावपूर्ण थियो । राजमार्ग बन्द सफल पार्न गाउँ गाउँबाट संयौको संख्यामा जनमत पार्टीका कार्यकर्ताहरु बिहानैदेखी प्रदर्शनमा उत्रेका थिए ।

जनमत पार्टीले किसानलाई समयमा मलखाद उपलब्ध गराउन, उखु किसानको भुक्तानी गराउन, किसान कार्डको व्यवस्था गर्न, किसानलाई पेन्सनको

*बाँकी तीन पृष्ठमा*

# प्रेस काउन्सिलको ध्यानाकर्षण

काठमाडौँ, २० माघ (रासस) ।

प्रेस काउन्सिल नेपालले कोभिड-१९ महामारीका विषयमा पुष्टचाइँबेगर विश्व स्वास्थ्य सङ्गठनको हवाला दिँदै जनमानसमा भ्रम फैलाउने किसिमबाट समाचार सम्प्रेषण भएकामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलले बिहीबार प्रेस विज्ञप्ति जारी गरी तथ्यगत पुष्टचाइँबेगर सामग्री तयार भई एक समाचार संस्थाबाट समेत सञ्चारमाध्यममा वितरण भएको र सोही स्रोतका आधारमा सामग्री सम्प्रेषण भएको प्रति काउन्सिलले ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

समाचार सामग्री तयार एवं सम्प्रेषण गर्नुपूर्व सत्य, तथ्य र विश्वसनीयताको परीक्षण गरी

*बाँकी अन्तिम पृष्ठमा*

कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले
तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको
मास्कले मेरो सुरक्षा
गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई
बचाउन सक्छौं




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# संयमता अपनाउनु आवश्यक

किसानहरुको समस्यालाई आत्मसाथ गर्दै जनमत पार्टीले थालेको राजमार्ग केन्द्रित आन्दोलनका कारण पुनः जनजिवन प्रभावित बन्दैछ । पुस ९ गतेदेखी थालेको पहिलो चरणको आन्दोलनका कारण व्यापक धनमालको क्षति भएको थियो । सो क्रममा करिब एक दर्जन सवारीसाधनहरु तोडफोड गरिएको थियो भने आधा दर्जन सवारीहरुमा आगजनी भएको थियो । यसरी आन्दोलनले उग्ररुप लिन थालेपछि प्रशासनले पनि कडा रुपमा प्रस्तुत हुँदै आन्दोलनलाई मथ्थर गर्ने प्रयास गरेको थियो ।

केही दिनसम्म आन्दोलन स्थगित भएपछि पुनः बिहीबारदेखी राजमार्ग ठप्प पार्ने आन्दोलन सुरु भएको छ । आन्दोलनको पहिलो दिन सामान्य रहेपनि सप्तरीमा केही पक्राउ र एक जना घाइते भएका छन् । यस्तो अवस्थामा आन्दोलनले उग्ररुप लिने संकेत देखिएको छ । आन्दोलनरत पक्षले आन्दोलनलाई संयमतापूवर्क गरेर आफ्नो माग सम्बोधन गर्नेतर्फ अग्रसर हुनु जरुरी रहेको छ ।

तसर्थ राज्यपक्षले पनि आन्दोलकारीहरुलाई सम्वादको माध्यमबाट समस्या समाधान गर्नेतर्फ पहल गर्नु आवश्यक छ भने आन्दोलकारीले पनि संयमता अपनाउनु उत्तिकै जरुरी रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# उद्योग दर्ता बढ्यो

काठमाडौं, २० माघ (रासस) ।

पछिल्लो समय मुलुकमा औद्योगिक वातावरण बनेसँगै उद्योग स्थापना हुने क्रम बढेको छ । गत आव २०७७/०७८ को पुस मसान्तसम्मका तुलनामा चालु आवको सोही अवधिमा उद्योग दर्ता हुने क्रम बढेको उद्योग विभागका तथ्याङ्कले देखाउँछ ।

विभागका अनुसार गत आवको पुस मसान्तसम्म १०३ स्वदेशी तथा विदेशी उद्योग दर्ता भएका थिए । चालु आवको सोही अवधिमा उद्योग दर्ताको संख्या बढेर १५४ पुगेको छ । विभागका अनुसार हालसम्म आठ हजार ६०८ स्वदेशी तथा विदेशी उद्योग दर्ता भएका छन् ।

चालु आर्थिक वर्षको दोस्रो त्रैमाससम्म ४५ ठूला, ५७ मझौला र ५२ साना उद्योग दर्ता भएका छन् । गत आवको सोही अवधिमा १७ ठूला, २१ मझौला र ६५ साना उद्योग दर्ता भएका थिए । हालसम्म एक हजार २५९ ठूला, एक हजार ९६६ मझौला र पाँच हजार ३८३ साना उद्योग दर्ता भएका विभागले जनाएको छ ।

लघु उद्यम र घरेलु उद्योगबाहेक रु १५ करोडसम्म स्थिर पूँजी भएको उद्योगलाई साना, रु १५ देखि ५० करोडसम्म पूँजी भएका उद्योगलाई मझौला र रु ५० करोडभन्दा बढी पूँजी भएका उद्योगलाई ठूला उद्योगका रूपमा लिइन्छ । बढीमा रु २० लाखसम्म पूँजी भएको उद्योगलाई लघु उद्यम र परम्परागत सीप र प्रविधिमा आधारित उद्योगलाई घरेलु उद्योग भनिन्छ ।

उद्योग दर्तासँगै प्रस्तावित लगानीमा पनि वृद्धि भएको छ । गत आवको पुस मसान्तसम्म दर्ता भएका उद्योगमा रु ७२ अर्ब ६२ करोडको लगानी प्रस्ताव भएकामा चालु आवमा सो लगानी बढेर रु एक खर्ब ८६ अर्ब पुगेको छ । हालसम्म रु २४ खर्ब ७० अर्बको लगानीसहित उद्योग दर्ता भएका विभागको तथ्याङ्क छ ।

उद्योगले दिने रोजगारी पनि झण्डै दोब्बरले बढेको छ । गत आवको समीक्षा अविधमा उद्योग स्थापनाबाट छ हजार २८८ रोजगार भएकामा चालु आवको सोही अवधिमा १३ हजार ७४८ रोजगारी प्रस्तावित भएको विभागले जनाएको छ । हालसम्म दर्ता भएका उद्योगमा छ लाख ४२ हजार ५४३ रोजगारी प्रस्ताव गरिएको छ ।

विभागबाट विदेशी लगानीको स्वीकृति लिनेको संख्या पनि बढेको छ । गत आवको पुस मसान्तसम्म १२३ विदेशी लगानी स्वीकृति भएकामा समीक्षा अवधिमा सो संख्या बढेर १२९ पुगेको छ । विभागले हालसम्म पाँच हजार ३६६ विदेशी लगानी स्वीकृत गरेको छ । विदेशी लगानीका ठूला उद्योग ३१९, मझौला ५६६ र साना उद्योग चार हजार ४८१ दर्ता भएका छन् ।

समीक्षा अवधिमा विदेशी लगानी रु २३ अर्ब ४७ करोडबाट बढेर रु ३० अर्ब ५६ करोड पुगेको छ । हालसम्म रु तीन खर्ब ९५ अर्ब ४२ करोडको विदेशी लगानी प्रस्तावसहितका पाँच हजार ३६६ उद्योग दर्ता भएका विभागले जनाएको छ ।

मुलुकमा औद्योगिक वातावरण बन्दै जानु, नीतिगत तथा प्रशासनिक सुधार, लगानीकर्तालाई सेवा सुविधा र सहजीकरण, लगानीका अवरोधलाई सुधार गर्दै लगेसँगै उद्योग स्थापनाका क्रम बढेको विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिनुभयो ।

# सिभिल हस्पिटलको लापरवाहीबारे मेडिकल काउन्सिलले छानविन गर्ने

काठमाडौं, २० माघ (रासस) ।

नेपाल मेडिकल काउन्सिलले सिभिल अस्पतालको लापरवाहीका कारण मृत्युवरण गर्नुभएका पत्रकार एलबी विश्वकर्माको घटनाबारे छानविन गर्ने भएको छ । श्रमजीवी पत्रकार सङ्घ नेपालसँग बुधबार काउन्सिलका अध्यक्ष डा भगवान कोइरालाले केकति लापरवाही भएको हो सोको विषयमा छानविन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । छानविनका लागि काउन्सिलको टिमले तत्काल काम थाल्ने अध्यक्ष कोइरालाको भनाइ छ ।

टिभी टुडे टेलिभिजनमै कार्यरत पत्रकार विश्वकर्माको स्वास्थ्यमा अचानक समस्या देखिएपछि यही माघ ५ गते बुधबार राति ललितपुरस्थित पाटन अस्पतालमा मृत्यु भएको थियो । पत्रकार विश्वकर्मालाई सुरुमा उपचारका लागि नयाँबानेश्वरस्थित सिभिल अस्पतालमा पुऱ्याए पनि पैसा नभएका कारण त्यहाँबाट फर्काइएको थियो । पत्रकार सङ्घ/सङ्गठनले समयमै उपचार नपाएर ज्यान गुमाएका पत्रकार एलबी विश्वकर्माको घटनाको न्यायिक छानविन गरी दोषीलाई कारवाही गर्नुपर्ने माग गर्दै आएका छन् । सङ्घले परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, परिवारलाई रोजगारी दिनुपर्ने र मृतकका छोराछोरीको पठनपाठनको व्यवस्था गर्नुपर्ने माग गर्दै सिभिल अस्पतालमा धर्ना दिँदै आएको छ ।

सङ्घले सिभिल अस्पतालले आफूखुसी छानविन समिति गठन गरेको भन्दै तत्काल खारेज गरी नेपाल मेडिकल कान्सिलको नेतृत्वमा न्यायिक छानविन समिति गठन गर्नुपर्ने र पत्रकारलाई सिभिल अस्पतालसहित देशभरका अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्नुपर्ने मागसमेत गरेको छ । सङ्घले पत्रकार विश्वकर्माको उपचारमा लापरवाही गरेको भन्दै आन्दोलन गर्दै आएको छ । उपचारका लागि सिभिल अस्पताल पुऱ्याइएका पत्रकार विश्वकर्मालाई कोरोना टेस्टविना उपचार नहुने भनेर लापरवाही गर्दा उहाँको मृत्यु भएको सङ्घको भनाइ छ ।

अछामको रामारोशन निवासी विश्वकर्मा पछिल्लो समय काठमाडौंमा रही पत्रकारितामा सक्रिय हुनुहुन्थ्यो । उहाँले इमेज टेलिभिजन, जनता टेलिभिजन, इकागज डटकम लगायतमा काम गर्नुभएको थियो । राष्ट्रिय दलित पत्रकार सङ्घ, नेपालले पत्रकार विश्वकर्माले सहज उपचार नपाउँदा निधन भएको जनाउँदै सो विषयमा तत्काल छानविन गरी उपचारमा लापरवाही गर्ने अस्पताललाई कारवाही गर्नुपर्ने माग गरेको

# सुरक्षण कोषको रकम लगानी गर्दै राष्ट्र बैंक

काठमाडौं, २० माघ (रासस) ।

नेपाल राष्ट्र बैंकले कर्मचारी सुरक्षण कोषमा रहेको रु २१ करोड बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी गर्ने भएको छ । बैंकले आफ्नो अवकाश कोष अन्तर्गत कर्मचारी सुरक्षण कोषमा रहेको रकम वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको मुद्दती निक्षेपमा लगानी गर्ने भएको हो ।

राष्ट्र बैंकले बिहीबार सूचना जारी गर्दै कोषको रकम 'क' वर्गका वाणिज्य बैंकमा रु १६ करोड ८० लाख, 'ख' वर्गका राष्ट्रियस्तरका विकास बैंकमा तीन करोड १५ लाख र 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीमा रु एक करोड पाँच लाख गरी जम्मा २१ करोड आगामी फागुन ४ गतेदेखि २०७९ फागुन ४ सम्मका लागि मुद्दती निक्षेपमा लगानी गर्न लागेको हो ।

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई निक्षेप लिन चाहेको रकम र त्यसमा प्रदान गर्ने ब्याजदरसमेत उल्लेख गरी यही माघ २३ गतेसम्म बोलकबोल पेश गर्न भनेको छ । बैंकले बोलकबोलमा सहभागी हुन बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको तथा राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष कायम गरेको हुनुपर्ने सर्त राखेको छ ।

त्यस्तै निष्क्रिय कर्जा कूल कर्जा सापटीको पाँच प्रतिशत भन्दा कम रहेका, खुद तरल सम्पत्ती स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेका तथा कर्जा निक्षेप अनुपात बैकले निर्धारण गरेको सीमाभित्र रहेका बैंक तथा वित्तीय संस्थाले उक्त रकम निक्षेपमा लिन बोलकबोलमा भाग लिनसक्ने राष्ट्र बैंकले जनाएको छ ।

त्यस्तै निक्षेप लिन बैंक तथा वित्तीय संस्था निकटतम अघिल्लो आर्थिक वर्षमा सञ्चालन मुनाफामा रहेको हुनुपर्ने, रियल स्टेट कर्जा बैंकले तोकिएको सीमा भन्दा बढी नभएको, शीघ्र सुधारात्मक कारबाहीमा परेको भए फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको हुनुपर्ने, समस्याग्रस्त घोषणा नभएको वा समस्याग्रस्त घोषणा भएको भए फुकुवा भएको छ महिना अवधि पूरा भएको हुनुपर्ने, सर्वसाधारणलाई छुटचाइएको शेयर जारी भइसकेको हुनुपर्ने जस्ता सर्त पालना गनुपर्ने बैकद्वारा जारी सूचनामा

# सामाजिक सुरक्षा कोषद्वारा ६९ करोड दाबी भुक्तानी

काठमाडौं, २० माघ (रासस) ।

सामाजिक सुरक्षा कोषले हालसम्म योगदानकर्तालाई रु ६९ करोड दाबी भुक्तानी गरेको छ । कोषले वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत योगदानकर्तालाई रु ५६ करोड ५२ लाख ६१ हजार ४१९ दाबी भुक्तानी गरेको हो ।

यसैगरी औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनअन्तर्गत रु नौ करोड ७१ लाख ७२ हजार ४१३, दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गत रु ९० लाख १४ हजार १८० र आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत रु एक करोड ८६ लाख ३० हजार १४१ दाबी भुक्तानी गरिएको कोषले जनाएको छ ।

हालसम्म रु १२ अर्ब ७६ करोड योगादन रकम सङ्कलन भएको छ । कोषले चार प्रकारका सुरक्षा योजना सञ्चालनमा ल्याएको छ । सोमबारसम्म कोषमा १६ हजार ४७८ रोजगारदाता र तीन लाख ८ हजार ९७८ योगदानकर्ता आबद्ध भएका छन् । बागमतीबाट ११ हजार २६६, प्रदेश नं १ बाट एक हजार ८३०, लुम्बिनीबाट एक हजार ४०७, गण्डकीबाट ७५९, मधेसबाट ७३८, सुदूरपश्चिमबाट २३८ र कर्णाली प्रदेशबाट २१० रोजगारदाता आबद्ध भएका छन् ।

कोषमा सबैभन्दा बढी बागमती प्रदेशबाट दुई लाख ३२ हजार ३३५, प्रदेश नं १ बाट ३१ हजार ८२०, मधेस प्रदेशबाट १८ हजार १८२, गण्डकीबाट १२ हजार ७६२, लुम्बिनीबाट ११ हजार ६६७, सुदूरपश्चिमबाट एक हजार २३३ र कर्णालीबाट ९८८ योगदानकर्ता सूचीकृत भएका छन् ।

# विदेशबाट फर्केर उद्यमी बनेकालाई सरकारले सम्मान गर्ने

काठमाडौँ, २० माघ (रासस)।
सरकारले वैदेशिक रोजगारीबाट फर्केका युवालाई स्वरोजगारीमा प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कृत गर्ने भएको छ। त्यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधबार एक सूचना प्रकाशित गरी पुरस्कारका लागि वैदेशिक रोजगारबाट फर्केर उद्यम गरेका व्यक्तिसँग आवेदन आह्वान गरेको छ।

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीले आगामी फागुन १० गतेभित्र आवेदन दिनसक्ने मन्त्रालयले जनाएको छ।

कामदार भिसामा विदेश गरी कम्तिमा एक वर्ष काम गरी फर्किएको, वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय सञ्चालन गरेको न्यूनतम् एक वर्ष पुरा भएको र विगत पाँच वर्षभित्र श्रम मन्त्रालयबाट पुरस्कार प्राप्त नगरेका व्यक्तिले आवेदन गर्न सक्ने सूचनामा उल्लेख छ।

पुरस्कार आवेदन फाराम श्रम मन्त्रालयको वेभसाइटमा राखिएको छ। आवेदनका साथमा नेपाली नागकिताको प्रमाणपत्र, श्रम स्वीकृति, भिसासहितको राहदानी, आयकर दर्ता प्रमाणपत्र र गत आवको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा पेश गर्नुपर्नेछ। आवेदन फाराम मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा इमेल गर्न सकिने सूचनामा जनाइएको छ।

प्राप्त आवेदनमध्येबाट उत्कृष्ट उद्यमीलाई सम्मान गरिने मन्त्रालयले जनाएको छ। वैदेशिक रोजगारीबाट फर्केका नेपालीले रोजगारीका सिलसिलामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पुँजीलाई सुदुपयोग गर्न राज्यबाट विशेष प्रोत्साहन गरी विदेश जाने वा विदेशमा नै अवैधानिक तवरबाट बस्ने प्रवृत्तिमा न्यूनीकरण गर्न सरकारले स्वदेश फर्की सफल उद्यम गर्ने व्यवसायीलाई सम्मान गर्न लागिएको मन्त्रालयको भनाइ छ।

यसप्रकारका सम्मानबाट उनीहरूलाई आयमुलक तथा रोजगारमुलक कार्यमा लाग्न थप प्रेरणा मिल्ने मन्त्रालयको विश्वास छ। प्राप्त आवेदनमध्येबाट रोजगारी सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रका आधारमा छनोट गरिने छ।

छनोटका लागि विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा छ सदस्यीय सिफारिश समितिको गठन गरिएको छ।

सातै प्रदेशबाट न्यूनतम एक जना नछुट्ने गरी उद्यमी छनोट गरिनेछ। आवेदकमध्ये एक जनाले रु एक लाख ५० हजारसहित उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र बढीमा सात जनाले रु ७५ हजारको उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्नेछन्।

# थप तीन हजार १७५ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, २० माघ (रासस)।
देशभर पछिल्लो २४ घण्टामा थप तीन हजार १७५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा १२ हजार ६०५ को नमूना परीक्षण गरिएको थियो। दश हजार २६ को पीसीआर र दुई हजार ५७९ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा आठ हजार ७२३ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमण मुक्त हुनेको संख्या आठ लाख ८७ हजार ४४३ पुगेको छ। निको हुने दर ९२ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गर्दा नौ लाख ६२ हजार ५१७ र एन्टिजेन विधिबाट एक लाख ३२ हजार ५४६ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५२ लाख ५७ हजार १७५ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या नौ लाख ८१ हजार ३७१ पुगेको छ। कूलमा संक्रमण दर १८ दशमलव तीन प्रतिशत छ।

कोभिड विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख ६६ हजार ५४० रहेको छ। हाल सक्रिय संक्रमितको संख्या ६३ हजार २९६ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट १४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ७७८ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ। प्रति १० लाख जनसंख्यामा मृत्युदर ३८७ दशमलव सात रहेको छ।

हाल भेन्टिलेटरमा रहनेको संख्या जम्मा ५९ र आइसियुमा २८१ छ। होम आइसोलेसनमा ६१ हजार ८६२, संस्थागत आइसोलेसनमा एक हजार ४३४ र क्वारेन्टिनमा १३८ जना रहेका छन्। हाल देशभरमा ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही, र कैलाली रहेका छन्।

दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा सिरहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, गोरखा, स्याङजा, बाग्लुङ, तनहुँ, गुल्मी, पाल्पा, बर्दिया, दाङ, सुर्खेत र कञ्चनपुर छन्।

उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा २१ हजार ७३६, ललितपुरमा नौ हजार ३६० र भक्तपुरमा चार हजार ६५२ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ।

नेपालले कोभिड–१९ विरुद्धको खोप अभियानमा नयाँ कोसेढुङ्गा पार गरेको छ। नेपालले १८ वर्षमाथिको उमेर समूहका ७० प्रतिशत व्यक्तिलाई पूर्ण खोप प्रदान गरेको हो।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले ७० प्रतिशत वयस्कलाई कोभिड विरुद्धको पूर्ण खोप प्रदान गर्न सफल भएकामा नेपाललाई बधाइ पनि दिएको छ। नेपाल सरकारले चैत्र मसान्तसम्म १८ वर्षमाथिका सतप्रतिशत नागरिकलाई पूर्ण खोप लगाइसक्ने लक्ष्यसहित देशभर खोप अभियान चलाइरहेको छ।

# पर्यटन बोर्ड भन्छ : पर्यटक आउन थाले, जनवरीमा १६ हजार बढी नेपाल भित्रिए

काठमाडौँ, २० माघ (रासस)।
कोभिड–१९ महामारीले नराम्ररी थलिएको मुलुकको पर्यटन क्षेत्र विस्तारै तङ्ग्रिँदैछ। कोभिडको तेस्रो लहरसम्म आइपुग्दा महामारीको असहज परिस्थितिमा पनि विदेशी पर्यटक आगमन सकारात्मक पाइएको छ।

कोभिडको पछिल्लो ओमिक्रोन भेरियन्टको त्रासले पर्यटन क्षेत्र निकै सशङ्कित भए पनि यसको प्रभाव कम रहेको र कोभिड विरुद्धको खोप आधाभन्दा बढी जनसङ्ख्याले लगाइसकेकाले पर्यटन क्षेत्र विस्तारै चलायमान हुने देखिन्छ। पर्यटक आगमनको पछिल्लो आँकडाले पनि यसलाई पुष्टि गर्छ।

अध्यागमन विभागलाई उधृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०२२ को जनवरी महिनामा १६ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जनवरीमा हवाई मार्ग भएर १६ हजार ९७५ विदेशी पर्यटक नेपाल आएका हुन्। अघिल्लो सन् २०२१ को सोही महिनामा आठ हजार ८७४ विदेशी पर्यटक नेपाल आएका थिए। जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा ९१.३ प्रतिशत बढी हो। जनवरीमा नेपालबाट १७ हजार ९८४ विदेशी बाहिरिएका छन्।

विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको यो सुधारले पर्यटन क्षेत्रलाई केही हदसम्म सकारात्मक ऊर्जा प्रदान गरेको पर्यटन बोर्डको बुझाइ छ। बोर्डका निर्देशक मणिराज लामिछानेले महामारीको असहज परिस्थितिका बीच अहिलेको पर्यटक आगमनलाई सुधारात्मक र सकारात्मक मान्नुहुन्छ। “अघिल्लो वर्षको सोही महिनाको तुलनामा अहिलेको असहज परिस्थितमा पनि १६ हजार बढी पर्यटक भित्रिनु निकै सकारात्मक पक्ष हो, यसले के सन्देश दिन्छ भने नेपालमा अब नेपालमा वास्तविक पर्यटक आउन थाले, पर्यटन क्षेत्रलाई सकारात्मक ऊर्जा पैदा भएको छ, यो सङ्ख्या हेर्दा नेपालमा पर्यटक आउन थाले भन्नुपर्छ।”

यो पटक सार्क मुलुकबाट सबैभन्दा बढी पाँच हजार ५०५ पर्यटक आएका छन्। यसमा पनि छिमेकी मुलुक भारतबाट सबैभन्दा धेरै तीन हजार ९१६ र बङ्गलादेशबाट एक हजार २३१ पर्यटक नेपाल भित्रिएका छन्। युरोपबाट तीन हजार ५२७, एसिया तथा अन्य मुलुकबाट एक हजार ११४, अमेरिका र क्यानाडाबाट तीन हजार ६१८, अष्ट्रेलिया र न्यूजिल्याण्डबाट एक हजार २४० र अन्य मुलुकबाट एक हजार ९७५ पर्यटक नेपाल आएका छन्। सन् २०२१ मा एक लाख ५० हजार ९६२ र सन् २०२० मा दुई लाख ३० हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०१९ मा ११ लाख ९७ हजार १९१ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

### *जनमत पार्टीद्वारा ...*

व्यवस्था गर्न, कृषिकलाई निःशुल्क बिजुली दिनलगायतको माग राख्दै किसान आन्दोलन गर्दै आएका छन्।

पुस ९ गतेदेखि किसानहरुले विभिन्न चरणको विरोधका कार्यक्रमहरु गरिसके पनि सरकारले मागप्रति सुनवाई नगरेपछि विहीबारबाट सडकमै बस्ने खाने गरी लोकमार्ग अवरुद्ध गरेर प्रदर्शन सुरु भएको हो।

## विश्व समाचार

### युक्रेन आक्रमण ’दुखद् गणना’ हुनेछ : जोनसन

बेलायत (लन्डन), २० माघ (रासस–एएनआई)।
बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले बुधबार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेन आक्रमणको विरुद्ध चेतावनी दिँदै यो “दुःखद् गलत गणना” हुने बताउनु भएको छ।

जोनसनले पुटिनसँगको फोनका क्रममा चेतावनी दिनुभएको हो। उहाँले रुसी राष्ट्रपतिलाई युक्रेनको सिमानामा रहेका एक लाख सैनिकलाई लिएर गहिरो र चिन्तित भएको एनएचके वर्ल्डले रिपोर्ट गरेको छ। बेलायती अधिकारीले एक विज्ञप्ति जारी गर्दै नेता सहमति जनाएका थिए कि उत्तेजना कसैको हितमा छैन भन्ने उल्लेख गरिएको छ।

जोनसनले युक्रेनले चाहेको खण्डमा नाटोको “रक्षात्मक गठबन्धन”मा सामेल हुन आवेदन दिने पूर्णअधिकार रहेको र रुससँगको गतिरोधमा भएको कुनै पनि वार्तामा कीभलाई समावेश गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँगको वार्तापछि चेतावनी दिँदै कीभको भ्रमण सीमामा रुसी सेनाले युक्रेनको लागि “स्पष्ट र वर्तमान खतरा”को प्रतिनिधित्व गरेको छ, अल जजीराले जनाएको छ।

यसैबीच, रूसी अधिकारीले उनीहरूको चिन्ताको लागि नाटोको प्रतिक्रिया अपर्याप्त भएको भन्दै टिप्पणी गर्नुभएको छ।

युक्रेनलाई लिएर रुस र पश्चिम बीचको तनाव निर्माण भइरहेको छ, पश्चिमले मस्कोलाई आफ्नो पश्चिमी समर्थक छिमेकीमाथि आसन्न आक्रमणको तयारी गरेको आरोप लगाएको छ।

रुसले युक्रेन आक्रमण गर्ने कुनै योजना नभएको बताउँनुभएको छ। रूसले भने युक्रेनलाई ल्ब्ट्इमा सामेल हुन नदिने र पूर्व–सोभियत ब्लकमा अमेरिकी नेतृत्वको सैन्य गठबन्धनको विस्तारको बिरूद्ध अन्य सुरक्षा ग्यारेन्टीको शृङ्खलाको माग गरिरहेको छ।

### भारतमा थप एक लाख ७२ हजार व्यक्तिमा कोरोना संक्रमण

नयाँदिल्ली, २० माघ (रासस/सिन्ह्वा)।
भारतमा पछिल्लो २४ घण्टामा देशभर एक ७२ हजार ४३३ थप व्यक्तिमा कोरोना सङ्क्रमण भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले दिएको पछिल्लो तथ्याङ्कले देखाएको छ।

यसै अवधिमा कोरोना सङ्क्रमणको कारण एक हजार आठको मृत्यु भएको पनि सो मन्त्रालयले जानकारी दिएको छ। यससँगै भारतमा कोरोना सङ्क्रमणको कारण मृत्यु भएका कुल संख्या चार लाख ९८ हजार ९८३ पुगेको छ।

हाल देशमा १५ लाख ३३ हजार ९२१ कोरोना भाइरसका सक्रिय सङ्क्रमित रहेका पनि सो मन्त्रालय थप जानकारी दिएको छ। यस अवधिमा ८७ हाजार ६८२ सक्रिय सङ्क्रमित घटेका समाचारमा जनाइएको छ। लगातार १०औं दिनसम्म भारतमा सक्रिय सङ्क्रमित संख्या घटेको मन्त्रालयले बताएको छ।

हालसम्म कुल तीन करोड ९७ लाख ७० हजार ४१४ निको भएर अस्पतालबाट डिस्चार्ज भइसकेका छन् भने गत २४ घण्टामा दुई लाख ५९ हजार १०७ निको भएका छन्।

### सिरियामा भएको भीडन्तमा परी कम्तीमा १०को मृत्यु

दमासकस, २० माघ (रासस/सिन्ह्वा)।
सिरियाको उत्तरी क्षेत्रमा भएको भीडन्तमा परेर १० सर्वसाधारणको ज्यान गएको छ।

सो क्षेत्रमा सिरियाको टर्कीस् र कुर्दिस मिलिसियाका बीचका भीडन्त भएको थियो। त्यसमा परेर १० सर्वसाधारणको ज्यान गएको यहाँका सुरक्षा अधिकारीले जनाएका छन्।

सिरियाको उत्तरी सहर अलेपोमा कुर्दिस् र टर्कीस् मिलिसियाका बीचमा भीडन्त भएको सिरियाली सरकारी समाचार समिति, सानाले जनाएको छ। सो सहरको बस्तीमा दुई पक्षका हतियारधारीका बीचमा दोहोरो गोली हानाहान भएको र त्यसमा सर्वसाधारण परेका सो समाचार समितिले जनाएको छ।

उक्त सहरमा केही समयतादेखि हिंसा भइरहेको छ। यसरी हुने विभिन्न सशस्त्र समूहका भीडन्तमा सर्वसाधारणले ज्यान गुमाउने गरेका पनि समाचारमा जनाइएको छ। यसरी सर्वसाधारणको ज्यान जाने कार्य यहाँ चिन्ताजनक रहेको सिरियाका मानवअधिकारवादीले बताउने गरेका छन्।

### अफगानिस्तानमा पढ्ने बानीको विकास गर्दै पुस्तकालय

काबुल, २० माघ (रासस/सिन्ह्वा)।
अफगानिस्तानका पुस्तकालयले यहाँका नागरिकमा पढ्ने बानीको विकास गर्ने कार्यक्रको आयोजना गरिरहेका छन्। उनीहरुले सर्वसाधारण नागरिकलाई पुस्तक पढेमा बौद्धिक विकास हुने र नागरिकमा ज्ञान बढ्ने खालका सन्देश दिइरहेका छन्।

यस्ता सन्देश दिँदै ती पुस्तकालयले पुस्तक पढ्ने प्रतिस्पर्धाको पनि आयोजना गर्ने गरेका छन्। यस्तै प्रतिस्पर्धाको आयोजना गर्‍यो हालै राजधानी काबुलको फायाजी पुस्तकालयले। सो प्रतिस्पर्धामा उक्त पुस्तकालयले पुस्तक पढ्दा वैज्ञानिक ज्ञानको विकास हुने, विश्वभरका सूचना पाइने तथा समाजको बारेमा धेरै कुरा थाहा हुने भएकोले पुस्तक पढ्नुपर्छ भन्ने सन्देश भरिएका सूचना ठाउँठाउँमा राखेको थियो।

साथै शिक्षा, ज्ञान र सूचना बिना कुनै पनि देशको विकास हुँदैन भन्दै त्यहाँका पुस्तकालयका कर्मचारीले यस्ता सन्देश पढेर सुनाएका थिए। पुस्तकालयका कर्मचारीले विशेष गरी युवा वर्गलाई पढ्ने बानीको विकास गराई अघि बढाउन उनीहरुले यो प्रतिस्पर्धाको आयोजना गरेको बताएका छन्।

# माग पुरा नभए आमरण अनसनमा बस्ने अनसनकारीको घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, २० माघ ।**

व्यवस्थापन समितिको चुनाव नगराएको भन्दै सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाडास्थित एसएलपी माध्यमिक विद्यालयका अभिभावकहरु तीन दिनदेखी अनसनमा बसेका छन् ।

बिहीबार लगातार तेश्रो दिन पनि अनसनलाई निरन्तरता दिएका उनीहरुले माग पुरा नभए आमरण अनसनमा बस्ने घोषणा समेत गरेका छन् । बिहीबारको अनसनमा स्थानिय अभिभावक महेश्वर प्रसाद महतो, सियाराम यादव, प्रमेश्वर मण्डल, बिरेन्द्र दास, जयलाल यादव लगायत बसेका छन् ।

२०७३ सालमा विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न भएपनि पाँच वर्ष बित्न लाग्दा समेत निर्वाचन गर्न आलटाल गरेको स्थानिय अभिभावकको आरोप छ । उनीहरुले व्यवस्थापन समिति गठन नहुँदा विद्यालयका सयौं विद्यार्थी प्रदेश तथा संघीय सरकारबाट पाउने विभिन्न सेवा सुविधाबाट बञ्चित हुने गरेको गुनासो समेत गरेका छन् ।

स्थानिय अभिभावक रामचन्द्र महेताले व्यवस्थापन समिति गठन नभएकै कारण प्रदेश सरकारबाट बेटी पढाउ बेटी बचाऊ अभियान अन्तरगत छोरीहरुले पाउने साइकल लगायतका अन्य सुविधा पाउन नसकेको गुनासो गरे ।

यसअघि पटक पटक भएको अभिभावक भेलाबाट समयमै सहमतिबाट नभए निर्वाचन प्रक्रियाबाट व्यवस्थापन समिति गठन गर्नु पर्ने समझदारी भएपनि कार्यान्वयन हुन नसक्दा बाध्य भई अनिश्चितकालिन रिले अनसन सुरु गरेको र अविलम्ब माग पुरा नगरिए आमरण अनसनमा बस्ने तयारी गरिएको अर्का अभिभावक महेश्वर प्रसाद महतोले बताए ।

विद्यालय प्रशासन र नगरपालिका समेत निर्वाचन गराउन उदासिन रहेको अभिभावकहरुको आरोप छ । विद्यालयका प्रधानाध्यापक देवु यादवले कोरोनाका कारण विद्यालय व्यवस्थापन समितिको निर्वाचन समयमै गराउन नसकिएको लाचारी व्यक्त गरे.का छन् ।

***प्रेस काउन्सिलका ...***

वितरण र सम्प्रेषण गर्न गराउन समाचार संस्था, सञ्चारमाध्यम र सम्बन्धित पक्षसँग काउन्सिल अनुरोधसमेत गरेको छ । काउन्सिलका प्रवक्ता दीपक खनालले हस्ताक्षर गर्नुभएको सो विज्ञप्तिमा तथ्यगत पुष्टचाइँ नभई अपुष्ट स्रोत र त्यसको परीक्षणबेगर सम्प्रेषित सामग्रीले समाजमा भ्रम फैलाउने भएकाले सञ्चारमाध्यमले सत्य, तथ्य, सन्तुलित एवं विश्वसनीय समाचार सामग्री सम्प्रेषण गर्नुपर्नेमा जोड दिएको छ । विज्ञप्तिमा पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन, २०७५) मा सञ्चारमाध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन/प्रसारण वा बाह्य लिङ्कहरू प्रकाशित गर्नुअघि सोको विश्वसनीयता र आफूले प्रकाशन गरेसरह तथ्यको जाँच गरी सम्प्रेषण गर्नुपर्दछ भन्ने व्यवस्थाका बारेमा पनि स्मरण गराइएको छ ।

# स्थानीय तहको निर्वाचन मिति घोषणा गर्न आह्वान

काठमाडौँ, २० माघ (रासस) ।

नागरिक समाज तथा विभिन्न सङ्घ संस्थाले निर्वाचन आयोगले सरकारलाई सिफारिस गरेको मितिमा स्थानीय तहको निर्वाचनको मिति घोषणा गर्न आह्वान गरेका छन् ।

नेपाल पत्रकार महासङ्घ, गैरसरकारी संस्था महासङ्घ, मानव अधिकार एलाइन्ससहित २२ वटा नागरिक समाज तथा विभिन्न सङ्घ संस्थाले आगामी जेठ ४ गते निर्वाचन गर्न निर्वाचन आयोगले सरकारलाई सुझाव दिएकोले सोही अनुसार मिति घोषणा गर्न आह्वान गरेका हुन् ।

ती सङ्घसंस्थाले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा कुनै पनि बहानामा स्थानीय तहको निर्वाचनको मिति पर धकेल्ने काम गर्न नहुने बताइएको छ ।

स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ३ ले गाउँपालिका र नगरपालिका सदस्यको निर्वाचन गाउँसभा र नगरसभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअघि सम्पन्न हुनेछ भन्ने उल्लेख गरेको छ । स्थानीय तहका निर्वाचित सदस्यको कार्यकाल २०७९ जेठ ७ गते सकिँदै छ ।

# राष्ट्र बैंकले माग्यो सात लाखभन्दी बढीको नगद कारोबारको विवरण

काठमाडौँ, २० माघ (रासस) ।

नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूसँग रु सात लाख वा सोभन्दा बढी नगदमा भएका कारोबारहरूको सम्पूर्ण विवरण उपलब्ध गराउन पत्राचार गरेको छ ।

केन्द्रीय बैंकले ‘क’ वर्गका सबै बैंकलाई एक साताभित्र कारोबार गर्नेको नाम, खाता नम्बर, कारोबारको मिति र टिप्पणीसहित बैंक सुपरीवेक्षण विभागलाई विवरण उपलब्ध गराउन गत मंगलबार पत्राचार गरेको हो ।

विभागका निर्देशक रोशनकुमार सिग्देलले वाणिज्य बैंकहरूलाई पठाएको पत्रमा गत साउन १ देखि पुस ३० गतेसम्म भएका रु सात लाखभन्दा बढीको नगद कारोबार गर्नेको पूर्ण विवरण यही माघ २४ गतेसम्ममा उपलब्ध गराउन निर्देशन दिइएको छ ।

# लोकसेवाका स्थगित परीक्षा फागुन ६ गतेदेखि हुँदै

काठमाडौँ, २० माघ (रासस) ।

लोकसेवा आयोगले कोभिड-१९ महामारीका कारण स्थगन गरिएका परीक्षाहरू आगामी फागुन ६ गतेदेखि प्रारम्भ गर्ने भएको छ । आयोगको बुधबारको बैठकले उपसचिव वा सोसरहका विभिन्न सेवाका ७८ पदका परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

आयोगले जारी गरेको सूचनाअनुसार स्थगन भएका उपसचिव वा सोसरह (अप्राविधिक/प्राविधिक), शाखा अधिकृत वा सोसरह (प्राविधिक) र स्वास्थ्य सेवातर्फ नवौं, आठौं र सातौं तहका ती पदको परीक्षा फागुन ६ गतेदेखि सुरु हुने छन् ।

न्याय, कानुन, सरकारी वकिल, प्रशासन, सामान्य प्रशासन, राजस्व, सङ्घीय संसद्, आर्थिक योजना तथा तथ्याङ्क, इञ्जीनियरिङ, सिभिल, जनरल, हाइवे, इरिगेशन, हाइड्रोपावर, हाइड्रोलोजी, मेटेरियोलोजी, सर्भे, वन, शिक्षा, माइनिङ, कृषि, पुस्तकालय विज्ञान, स्यानिटरीलगायत सेवाका परीक्षा हुने सूचनामा जनाइएको छ ।

सर्वोच्च अदालत र उच्च अदालतमा रिट निवदेन परी अदालतको आदेशअनुसार स्थगन परीक्षाहरूको हकमा अदालतबाट आदेश हुनासाथ यथाशीघ्र पुनः तालिकीकरण गरी सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डअनुरुप परीक्षा सञ्चालन गरिने सूचनामा उल्लेख छ ।

**भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो ।**

त्यसैले

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो ।

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं ।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*